# हरियो वन कार्यक्रम

## आन्तरिक सुशासन प्रवर्धन विधि २

### सहभागितामूलक सम्पन्नता स्तरीकरण



प्राकृतिक स्रोत व्यवस्थापन समूहहरुको आन्तरिक सुशासनलाई सुदृढ पार्ने कार्य हरियो वन कार्यक्रमको विभिन्न संभागहरुमा अन्तरसम्बन्धित विषय हो । यो निकै महत्वपूर्ण छ किनभने ग्रामीण क्षेत्रमा बसोबास गर्ने नेपालका धेरैजसो मानिसहरु आफ्नो जीविकोपार्जन र कल्याणका निमित्त वन सम्पदामा निर्भर छन् । वन सम्पदा भन्नाले दाउरा, स्वच्छ पानी, घरगोठ बनाउने सामग्री, गाईवस्तुलाई घाँस र औषधीजन्य जडीबुटीका साथै बाढी र पहिरोबाट जोगिने पारिस्थितिकीय सेवालाई बुझ्नुपर्छ । त्यसमा पनि गाउँका विपन्न वर्गका मानिसको वन सम्पदा माथि ठूलो चाप छ किनभने यस बाहेक उनीहरुको अरु विकल्प पनि छैन । तथापि वन सम्पदाको व्यवस्थापन कसरी गर्ने र दिगो वन व्यवस्थापनका फाइदालाई कसरी समानुपातिक रुपमा वितरण गर्ने भन्नेबारे उनीहरु कमै जान्दछन् ।

आन्तरिक सुशासनले प्राकृतिक स्रोत व्यवस्थापन समूहहरु, सामुदायिक संगठनहरु लगायत नेतृत्वदायी तहमा बसेका व्यक्तिहरुको क्षमता वृद्धि गर्छ र यस्ता कार्यक्रममा महिला तथा सीमान्तकृत समूहको सहभागिता बढाउँछ । फलस्वरुप प्राकृतिक स्रोतको समान वितरण हुन्छ र फाइदा पनि समान रहन्छ । सामुदायिक वन विकास कार्यक्रम मार्गदर्शन, २०६५ मा उल्लेख भए बमोजिमका विभिन्न विधि र औजारहरुको प्रयोगबाट नै आन्तरिक सुशासनको सुदृढीकरण सम्भव छ । हरियो वन कार्यक्रमले प्रयोग गर्ने यी ३ विधि सामुदायिक वन विकास कार्यक्रम मार्गदर्शन २०६५ मा उल्लेखित छन् । ती हुन्:

**विधि १:** सार्वजनिक सुनुवाइ तथा सार्वजनिक लेखापरीक्षण
**विधि २:** सहभागितामूलक सम्पन्नता स्तरीकरण
**विधि ३:** सहभागितामूलक सुशासन आँकलन

सहभागितामूलक सम्पन्नता स्तरीकरणको प्रयोग गरिब घरपरिवार र व्यक्तिको पहिचानका निमित्त गरिन्छ । यस्तो पहिचान भएपछि मात्र सामुदायिक वनको नेतृत्वदायी पहल मार्फत् गरिबी न्यूनिकरणमा मद्दत पुग्छ । यसको बारेमा सामुदायिक वन विकास कार्यक्रम मार्गदर्शन २०६५ मा भनिएको छ: 'सामुदायिक वन उपभोक्ता समूहका सदस्यहरुको आर्थिक-सामाजिक स्तर भिन्न भिन्न तहको हुने हुनाले उनीहरुको समस्या, आवश्यकता र क्षमता पनि फरक-फरक हुन्छ । तसर्थ कुनै पनि गतिविधिको योजना बनाउनु पूर्व उपभोक्ताहरुको सम्पन्नता स्तर पहिचान गर्न आवश्यक छ । यस्तो पहिचानका निमित्त सहभागितामूलक सम्पन्नता स्तरीकरण कार्य सञ्चालन गरेर विपन्न, मध्यम र सम्पन्न घरपरिवार छुट्याउनु पर्छ' (अध्याय २, धारा २.४, पृष्ठ ६ र ७) । यस कुरालाई मनन गर्दै र सगुन[1] कार्यक्रममा गरिएका राम्रा अभ्यास र सिकाइहरुलाई अवलम्बन गर्दै हरियो वन कार्यक्रमले पनि सहभागितामूलक सम्पन्नता स्तरीकरण विधिलाई प्रयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

**सहभागितामूलक सम्पन्नता स्तरीकरण भनेको के हो ?**
निश्चित सङ्ख्यामा रहेका घरपरिवारलाई उनीहरुको आर्थिक तथा सामाजिक स्तर अनुसार आफ्नो स्थान आफै निर्धारण गर्ने प्रक्रियालाई सहभागितामूलक सम्पन्नता स्तरीकरण भनिन्छ । यस्तो प्रक्रिया सहजकर्ताका रुपमा कार्यरत स्थानीय स्रोत व्यक्तिको सहयोगमा वन उपभोक्ता समूहहरुले सञ्चालन गर्छन् । ती घरपरिवारलाई सामान्यतया सम्पन्न, मध्यम र विपन्न तथा अति विपन्न भनी वर्गीकरण गरिन्छ । वन उपभोक्ता समूहलाई उपलब्ध भएको स्रोतका आधारमा घरपरिवारको स्तरीकरण भएपछि विपन्न तथा अति गरिब घरपरिवारलाई मद्दत गर्नका निमित्त जीविकोपार्जन कार्यक्रमको पहिचान गरी कार्यान्वयन गरिन्छ । यस विधिले सामुदायिक वन विकास कार्यक्रम मार्गदर्शन २०६५ मा व्यवस्था भएअनुसार विपन्नमुखी जीविकोपार्जन सहयोगका लागि सामुदायिक वनको वार्षिक आम्दानीको ३५% रकम छुट्याउनु पर्दछ ।

**सहभागितामूलक सम्पन्नता स्तरीकरण कार्यक्रम किन सञ्चालन गर्ने ?**
कर्तव्यवाहक र अधिकारवाला दुवैले सुशासनको सिद्धान्तलाई आत्मसात् गर्दै व्यवहारमा उतारेको खण्डमा मात्र विकासका पहलहरु दिगो र न्यायोचित हुन सक्छ भन्ने मान्यतामा सहभागितामूलक सम्पन्नता स्तरीकरण प्रक्रिया आधारित छ । समूहमा आबद्ध परिवारलाई उनीहरुको आर्थिक, प्राकृतिक, भौतिक, मानवीय तथा सामाजिक सम्पत्ति/पूँजीका आधारमा सम्पन्न, मध्यम र विपन्न गरी ३ कोटीमा वर्गीकरण गर्नाले विपन्न र अति विपन्न परिवारका मानिसलाई न्यायसङ्गत तवरमा रकम छुट्याउन समूहहरुलाई सजिलो हुन्छ । यसो गर्दा विनियोजित रकम सिधै गरिब परिवारको हातमा पुग्छ । त्यस रकमलाई उनीहरुले आफ्नो जीविकोपार्जन गर्ने कार्यमा लगानी गर्न सक्छन् र वन सम्पदा माथिको उनीहरुको निर्भरता घटाउनमा सहयोग पुग्छ ।

---

[1] *प्राकृतिक स्रोत व्यवस्थापनमा सुशासन (सगुन) कार्यक्रम (२००२-२००६)*

## सहभागितामूलक सम्पन्नता स्तरीकरण कार्यक्रम प्रक्रिया

यस प्रक्रियाका ३ चरण छन्। ती हुन्:

**क) प्रारम्भिक चरण**

कार्यक्रमका कर्मचारी र सहजकर्ताले उपभोक्ता समूहका कार्यकारिणी समिति र अन्य सदस्यहरुलाई सहभागितामूलक सम्पन्नता स्तरीकरण प्रक्रिया र यससँग सम्बन्धित उद्देश्यका बारेमा अभिमुखीकरण सत्र चलाउँछन् । कार्यकारिणी समितिका सदस्यहरु र सहजकर्ताहरुले सबै घरपरिवारका प्रमुख महिला तथा पुरुषको नाम सङ्कलन गरेर सूची बनाउँछन्। स्तरीकरण कार्यका लागि मिति, समय र स्थानबारे जानकारी दिन्छन्। स्थानीयस्तरका सरोकारवालाहरुलाई पनि आमन्त्रण गरिन्छ।

**ख) सहभागितामूलक सम्पन्नता स्तरीकरणको चरण**

सहजकर्ताहरुले अन्तरक्रिया/छलफललाई सघन रुपमा सञ्चालन हुने गरी कार्यक्रम चलाउँछन्। यस छलफलमा घटीमा पनि समूहका ७५% घरपरिवारको उपस्थिति अनिवार्य हुन्छ। ती सहभागीहरुले घरपरिवारको स्तरीकरणको लागि उपयुक्त मापदण्ड रोज्छन्। प्रचलित मापदण्ड यी हुन्:

- जायजेथा तथा अन्य सम्पत्ति
- खाद्यान्न बालीको उपलब्धता
- परिवारका सदस्यको शैक्षिक स्थिति
- परिवारको आकार
- रोजगारी तथा रेमिटेन्सबाट हुने आम्दानी
- समुदायमा रहेको सामाजिक हैसियत
- जलवायु जोखिमसँग सामना गर्नसक्ने क्षमता

माथिका प्रत्येक बुँदाका आधारमा हरेक घरपरिवारलाई सम्पन्न, मध्यमस्तर र विपन्न गरी ३ तहमा वर्गीकरण गरिन्छ। अति विपन्न परिवार भए त्यसको पनि लगत राखिन्छ । यस्तो लगतले उनीहरुको खाँचो र रुचि बमोजिमको जीविकोपार्जन सहयोग सम्बन्धी खाका कोर्न सहज हुन्छ। उपभोक्ता समूहहरुले सामुदायिक वनको वार्षिक आम्दानी रकमको ३५% रकम यिनै अति विपन्न परिवारलाई जीवनस्तर सुधार योजना मार्फत प्रदान गर्छन् । स्रोतको उपलब्धताका आधारमा वास्तविक रकमको टुङ्गो लाग्छ । जीवनस्तर सुधार योजनाले समुदाय र घरपरिवार स्तरमा आर्थिक, प्राकृतिक, भौतिक, मानवीय तथा सामाजिक पूँजी/सम्पत्तिको विश्लेषणलाई समावेश गर्नुपर्छ। यसका साथै योजना कार्यान्वयन पश्चात् इच्छ्याइएको परिणाम समेत ख्याल राख्नुपर्छ । जीवनस्तर सुधार योजनाले अत्यधिक गरिब घरपरिवार साम्‌ रहेका जीविकोपार्जनका विभिन्न विकल्पमा विविधता ल्याउन मद्दत पुग्छ र उनीहरुको दीर्घकालसम्म रहने कमजोर अवस्थालाई न्यूनिकरण गर्छ।

**ग) अनुगमन**

सामुदायिक वन उपभोक्ता समूहले वन कार्ययोजना र समूहको विधान तयार गर्ने र अद्यावधिक गर्ने कार्यमा सहभागितामूलक स्तरीकरणको तथ्याङ्कलाई प्रयोग गर्न सक्छन् । यस प्रक्रियामा बनाइएका कार्ययोजना र जीविकोपार्जन सुधार योजनाका निम्ति नियमित अनुगमन अत्यावश्यक छ । सम्पन्नता स्तरीकरण प्रक्रियामा सङ्कलित सूचनाले हरियो वन कार्यक्रमलाई निश्चित समयावधिमा गरिब घरपरिवारको जीविकोपार्जनमा सुधार आए नआएको थाहा पाउन सजिलो हुन्छ।



© केयर नेपाल, हरियो वन कार्यक्रम/प्रतिज्ञा सिलवाल

*"हरियो वन नेपालको धन" भन्ने प्रचलित नेपाली उखानबाट प्रेरित भएर "हरियो वन कार्यक्रम" नामाकरण गरिएको हो । युएसएड द्वारा आर्थिक सहयोग प्रदान गरिएको यस कार्यक्रमको उद्देश्य जलवायु परिवर्तनका नकारात्मक प्रभावहरु र जैविक विविधतामा हुने जोखिमहरु न्यूनीकरण गर्नु, वनको संरक्षण र पुनरुत्थान गरी महिला, गरीब तथा वनमा आश्रित समुदायको जीवनयापनमा सघाउ पुऱ्याउनु तथा मानव र पारिस्थितिकीय प्रणालीमा जलवायु परिवर्तनबाट हुने प्रभावहरुसँग सामना गर्न सक्ने क्षमता वृद्धि गर्नु रहेको छ । यस उद्देश्य पूर्तिका लागि सरकार, समुदाय, नागरिक समाज र निजी क्षेत्रसँगको सहकार्य आवश्यक छ । यस कार्यक्रमले मानव र प्रकृति बीचको सम्बन्धलाई विशेष आधार बनाएको छ र दुवैको हितका लागि काम गर्दछ । यस कार्यक्रममा विशेषत: ३ अन्तर्निहित संभाग छन्- जैविक विविधता संरक्षण, रेड प्लस लगायतका पारिस्थितिकीय सेवा शुल्क भुक्तानी र जलवायु परिवर्तन अनुकूलन। यसका साथै यस कार्यक्रमले दिगो जीविकोपार्जन, सुशासन र लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता महत्वपूर्ण पक्षहरुलाई समेत समेटेको छ । हरियो वन कार्यक्रम डब्लु डब्लु एफ नेपालको प्रमुख साझेदारीमा केयर नेपाल, सामुदायिक वन उपभोक्ता महासंघ र राष्ट्रिय प्रकृति संरक्षण कोषको सहकार्यमा कार्यान्वयन गरिएको छ ।*

**डब्लु डब्लु एफ नेपाल, पो ब नं: ७६६०**
**बालुवाटार, काठमाडौं, नेपाल**
**फोन: +९७७१४४३४८२०, फ्याक्स: +९७७१४४३८४५८**
**hariyobanprogram@wwfnepal.org**
**www.wwfnepal.org/hariyobanprogram**

*डिस्क्लेमर: यो जानकारी पत्र अमेरिकी जनताद्वारा अमेरिकी विकास नियोग (युएसएड) को माध्यमबाट प्रदान गरिएको उदार सहयोगबाट सम्भव भएको हो । यसमा उल्लेखित विषयवस्तु हरियो वन कार्यक्रमका लागि डब्लु डब्लु एफ नेपाल, केयर नेपाल र अन्य साझेदारी संस्थाको जिम्मेवारी हो र यसले युएसएड तथा अमेरिकी सरकारको धारणा प्रतिनिधित्व गरेको मानिने छैन ।*